**कोरोना भाइरससम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख २ गते**

इन्सेक सुदूरपश्चिम प्रदेश अन्तर्गत कार्यरत इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख २ गते गते पठाउनु भएको सूचनाका आधारमा उच्च सतर्कताका लागि प्रदेश अन्तर्गत भइरहेका कार्यहरू र समस्याहरूको जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुंगानाका अनुसार** भारत लगायत नेपालबाहिरबाट ०७६ चैत ११ गतेपछि घर फर्किएकाहरूमा कोरोना भाइरसको सम्भावित सङ्क्रमणको पहिचान गर्न जिल्लाका स्थानीय तहमै र्‍यापिड डाइग्नोस्टिक टेष्ट विधिबाट परीक्षण सुरू गरिएको छ । देशबाहिरबाट आएका व्यक्तिहरूमा कोरोना भाइरस भए/नभएको एकिन गर्न तुर्माखाँद गाउँपालिकाबाट वैशाख २ गतेबाट परीक्षण प्रारम्भ गरिएको स्वास्थ्य कार्यालय, अछामका प्रमुख झनकराज ढुङ्गानाले जानकारी दिनुभयो । तुर्माखाँद गाउँपालिकासहित ढकारी गाउँपालिका र पञ्चदेवल विनायक नगरपालिकामा क्रमशः परीक्षण गरिने छ । यसैगरी, निर्वाचन क्षेत्र नम्बर १ का स्थानीय तहमा वयलपाटा अस्पतालले र्‍यापिड डाइग्नोस्टिक टेष्ट (आरडीटी) परीक्षण गर्ने भएको छ । सो परीक्षणका लागि जिल्लामा १ सय ८० किट रहेको र अपुग हुँन आउने किटका लागि सुदूरपश्चिम प्रदेशसँग समन्वय भइरहेको प्रमुख ढुंगानाको भनाइ छ । नेपालबाहिरबाट चैत महिनायता मात्र ४ हजार भन्दाबढी व्यक्ति भारत लगायत अन्य मुलुकबाट घर फिर्किएको बताइएको छ ।

०७६ फागुन २५ र २६ गते स्वास्थ्य मन्त्रलायबाट खगिएको टोलीले २ सय २६ जनाको थ्रोट स्वाब सङ्कलन गरेर काठमाडौंमा परीक्षण गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । कोरोना भाइरसको रोकथाम उपचार, नियन्त्रण र राहतका लागि जिल्लाका चार नगरपालिका र ६ गाउँपालिकाले कम्तिमा १० देखि ४० लाख रूपियाँसम्मको कोष स्थापना गरेका छन् । मंगलसेन र साँफेबगर नगरपालिकाले ४०/४० लाख रुपियाँ, चौरपाटी गाउँपालिकाले २५ लाख रुपियाँ, बान्नीगढी जयगढ र तुर्माखाँद गाउँपालिकाले २०/२० लाख रुपियाँ, पञ्चदेवल विनायक नगरपालिकाले १४ लाख रुपियाँ, मेल्लेख गाउँपालिकाले ११ लाख रुपियाँ, कमलबजार नगरपालिका, रामारोशन र ढकारी गाउँपालिकाले १०/१० लाख रूपियाँको प्रारम्भिक कोष स्थापना गरेका छन् ।

कोरोना विरूद्धकको पूर्वतयारी, नियन्त्रण र औषधि उपचारलगायतका सामग्री खरिद र राहत वितरणमा उक्त कोष परिचालन गरिने बताइएको छ । कोषलाई कोरोना भाइरसका विरूद्धमा हुने जुनसुकै कामका लागि खर्च गरिने मंगलसेन नगरपालिकाका प्रमुख पदमबहादुर बोहराको भनाइ छ । जिल्लाका हाल क्वारेन्टाइन र आइसोलेशनमा कुनै व्यक्ति नरहेको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** महाकाली नगरपालिका -८ धापका दलित परिवारका व्यक्तिहरूले आफूलाई निःशुल्क रूपमा राहतबाफत खाद्यान्न उपलब्ध गराउनु पर्ने मागसहित वडा कार्यालयमा वैशाख २ गते धर्ना दिएका छन् ।

महाकाली नगरपालिकाले शुपथ मूल्यका पसल सञ्चालन गरेको भएपनि उनीहरूले आफुहरूसँग आर्थिक अभाव भएको भन्दै निःशुल्क खाद्यान्न पाउनु पर्ने मागसहित धार्ना दिएका हन् ।

कोरोना भाइरसको सङ्क्रमणबाट जोगिन सरकारले गरेको लकडाउनका कारण आफूहरूले कामगर्न नपाएको र घरमा खाद्यान्न सामग्री केही नभएकाले राहत माग्न वडा कार्यलयमा आएको स्थानीय पावर्ती कोलीले बताउनु भयो । दैनिक ज्यालामजदुरी गरी विहान बेलुकाको छाक टार्ने गरेकोमा बन्दले गर्दा आफुहरूले काम गर्न नपाएर भोकै बस्नु परेको कोलीको भनाइ छ ।

वडा कार्यालयले ५६ गरिब परिवारको विवरण सङ्कलन गरी नगरपालिकालाई पठाएको वडा सचिव श्यामसिंह धामीले बताउनु भयो ।

उहाँले भन्नु भयो - 'हामीलाई मूल्यसूचिसहित खाद्य सामग्री उपलब्ध गराएको छ। सोहीआधारमा विक्री गरिरहेका छौँ।'

निःशुल्क खाद्य सामग्री वितरण गर्नुपर्ने दलित परिवारको माग भएको तर नगरपालिकाले मुल्य तोकी विक्री गर्न भनिएकोले आफूहरुले पैसा लिएर विक्री गरिरहेको सचिव धामीको भनाइ छ।

वडाअध्यक्ष चक्रसिह विष्टले स्थानीयको मागलाई आफूले महाकाली नगरपालिकामा जानकारी गराएको बताउँदै नगरपालिकाले जे निर्णय गर्छ सोही अनुसार गरिने बताउनु भयो। नगरपालिकाका प्रवक्ता पुष्करराज जोशीले नगरपालिकाका नौ ओटै वडामा विपन्न परिवारहरूको डाटा सङ्कलन भइरहेकोले सबै वडाबाट तथ्याङ्क सङ्कलन गर्ने कार्य सम्पन्न भएपछि नगरपालिकाले निर्णय गर्ने बताउनु भयो।

भारतको पिथौरागढ जिल्ला, भागेश्वरमा मजदुरी गर्न गएका नौगाड गाउँपालिकाका - २ का कम्मानसिंह ठगुन्ना, वडा नम्बर ३ का रमेशसिंह ठगुन्ना, देबेन्द्रसिह ठगुन्ना र लक्ष्मण बडाल वैशाख १ गते महाकालीमा पौडि खेलेर नेपाल भित्रिएका छन्। उनीहरू महाकाली नगरपालिका- ५ को मसिनबालुवा भन्ने ठाउँबाट नेपाल भित्रिएको महाकाली नगरपालिका विपद व्यवस्थापन शाखा संयोजक भुवन जोशीले जानकारी दिनुभयो। चारै जनालाई महाकाली नगरपालिकाको महेन्द्र नमूना मावि खलंगाको क्वारेन्टाइनमा राखिएको छ। ०७६ मङ्सिर महिनामा मजदुरी गर्न भारतको भागेश्वर पुगेका उनीहरू लकडाउनपछि पैदल हिडेर दार्चुला पुगेका छन्।

जिल्ला जनस्वास्थ्य कार्यालय, दार्चुलाले वैशाख १ गते महाकाली नगरपालिका - ९ दत्तुका २१ जनाको र्‍यापिड डाइग्नोस्टिक टेस्ट गरेकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ। ०७६ चैत ५ गतेदेखि भारतका विभिन्न क्षेत्रबाट फर्किएका व्यक्तिहरूको र्‍यापिड डाइग्नोस्टिक टेस्ट गरिएको स्वास्थ्य कार्यालय, दार्चुलाका जनस्वास्थ्य अधिकृत जयराज भट्टले बताउनु भयो। कोरोना परीक्षणका लागि स्वाब सङ्कलन गर्न छुटेकाहरूलाई गाउँमै गएर र्‍यापिड टेस्ट शुरू गरिएको हो। जिल्लाका सबै स्थानीय तहमा र्‍यापिड टेस्ट गरिने जनस्वस्थ्य अधिकृत भट्टको भनाइ छ।

नौगाड गाउँपालिकाले खाद्य सङ्कट भोगिरहेका परिवारको लागि खाद्य सुरक्षा राहत प्याकेज घोषणा गरेको छ। नयाँ वर्षको अवसरमा गाउँपालिकाका अध्यक्ष प्रेमसिंह धामीले फेसबुक लाइभ गर्दै खाद्य सुरक्षाको लागि राहत प्याकेज, बेरोजगारसँग अध्यक्ष कार्यक्रमको घोषणा गरेका हुन्।

गाउँपालिकाभित्रका गरिब, विपिन्न र मजदुर परिवारको लागि खाद्य सुरक्षा राहत प्याकेज घोषणा गरिएको बताइएको छ। नौगाड गाउँपालिकाको आर्थिक वर्ष ०७६ / ०७७ को नीति कार्यक्रमको बुदा नम्बर तीन र चारमा गरिएको व्यवस्था अनुसार बेरोजगारसँग अध्यक्ष कार्यक्रममार्फत राहत प्याकेज उपलब्ध गराइने अध्यक्ष धामीले बताउनु भयो। गाउँपालिकाभित्रका ८६ घरधुरीलाई पहिलो चरणमा ५० किलो चामल, तीन किलो चामल, दुई प्याकेट नुन, एक लिटर तेल, एक किलो चिनी र दुई पिस साबुन राहतस्वरूप उपलब्ध गराइने अध्यक्ष धामीको भनाइ छ।

महाकाली नगरपालिका - ८ धापका आठ जना र शैल्यशिखर नगरपालिकाका ३७ जना गरी ४५ जनाको वैशाख २ गते गरिएको र्‍यापिड डाइग्नोस्टिक टेस्ट रिपोट नेगेटिभ आएको छ।

महाकाली नगरपालिका र शैल्यशिखर नगरपालिमा गरिएको परीक्षणमा ४५ जनाको रिपोट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय, दार्चुलाका जनस्वास्थ्य अधिकृत जयराज भट्टले जानकारी दिनुभयो। र्‍यापिड डाइग्नोस्टिक टेस्ट गरिएका ४५ जना ०७६ चैत ५ गते यता भारतको दिल्लीबाट घर फर्किएका व्यक्तिहरु हुन्। उनीहरु होम क्वारेन्टाइनमा बस्दै आएका थिए। भारतबाट फर्किएका १ हजार ४ सय ७ जनामध्ये ४ सय ६० जनाको थ्रोट स्याब नमूना परीक्षण गरिएको र परीक्षण गर्न बाँकी रहेकाहरुको पनि र्‍यापिड डाइग्नोस्टिक टेस्ट गरिने जनस्वास्थ्य अधिकृत भट्टको भनाइ छ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र विष्टका अनुसार** कोरोना भाइरस परीक्षणका लागि जिल्लामा १ सय ९९ जनाको थ्रोट स्वाब नमूना सङ्कलन गरिएकोमा ९७ जनाको जनाको रिपोर्ट नेगेटिभ आएको छ । शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल टेकु काठमाडौँमा गरिएको परीक्षणबाट ९७ जनाको रिपोर्ट नेगेटिभ आएको र १ सय २ जनाको रिपोर्ट आउन बाँकी रहेको जनस्वास्थ्य कार्यालय,डडेल्धुराका भेक्टरकन्ट्रोलर सुपरभाइजर एंव कोभिड -१९ जिल्ला सम्पर्क व्यक्ति हरिप्रसाद भट्टले जानकारी दिनुभयो ।

जिल्लास्थित विभिन्न क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको ०७६ चैत २७ गते थ्रोट स्वाब सङ्कलन गरिएको थियो ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** भारतलगायत अन्य मुलुकबाट फर्किएका २ सय ५२ जना हालसम्म पनि क्वारेन्टाइनमा बसेका छैनन् । क्वारेन्टाइनमा १४ दिन नपुगेका र थ्रोट स्वाबको नमूना सङ्कलन भई रिपोर्ट आउन बाँकी रहेका नागरिकहरू क्वारेन्टाइनमा रहेका स्वास्थ्य कार्यालयले जनाएको छ । क्वारेन्टाइनमा बसेका १ सय ३७ जनाको र्‍यापिड डाइग्नोस्टिक टेस्ट गरेर उनीहरूको रिपोट नेगेटिभ आएपछि एक हप्ता होम क्वारेन्टाइनमा बस्न शर्तमा घर पठाइएको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक भुवनप्रसाद जोशीले जानकारी दिनुभयो

दशरथचन्द नगरपालिकाका दुई जना, पाटन नगरपालिकाका पाँच जना, मेलौली नगरपालिकाका चार जना, पुर्चौडी नगरपालिकाका १ सय ३३ जना,पञ्चेश्वर गाउँपालिकाका ३७ जना, सुर्नया गाउँपालिकाका १३ जना, दोगडाकेदार गाउँपालिकाका नौ जना, डिलाशैनी गाउँपालिकाका ३३ जना, सिगास गाउँपालिकाका एक जना र शिवनाथ गाउँपालिकाका १२ जना क्वारेन्टाइनमा बसिरहेको जोशीले बताउनु भयो ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेब जोशीका अनुसार** के आई सिह गाउँपालीका १२ जनालाई सेती सभाहलमा तयार गरिएको क्वारेन्टाइनमा राखिएकोमा उनीहरुको थ्रोट स्वाब नमूना परीक्षण रिपोर्ट चैत ३० गते नेगेटिभ आएपछि घर पठाइएको गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर शाहीले बताउनु भयो ।

नमूना परीक्षण रिपोर्ट नेगेटिभ आएका १२ जनालाई एक हप्ता हामो क्वारेन्टाइनमा बस्ने गरी घर पठाउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले बताउनु भयो ।

भारतबाट फर्किएका के आई सिह गाउँपालिका - ७ का १६ जना व्यक्तिको थ्रोट स्वाब नमूना परीक्षण गरिएकोमा उनीहरुको रिपोर्ट पनि नेगेटिभ आएको वडा अध्यक्ष हर्कबहादुर बिष्टले बताउनु भयो ।

जिल्लाका नौ ओटा स्थानीय तहका १२ ओटा क्वारेन्टाइनमा रहेका ३ सय ३० जनाको थ्रोट स्वाब परीक्षण रिपोर्ट नेगेटिभ आएको जिल्ला जनस्वास्थ्य कार्यालय ,डोटीका प्रमुख रमेश मलासिले बताउनु भयो ।

काठमाडौँबाट आएको स्वास्थ्यकर्मीहरुको टोलीले ०७६ चैत २६ गते क्वारेन्टाइनमा बसेका ३ सय ५ जना र होम क्वारेन्टाइनमा बसेका २५ जना गरी ३ सय ३० जनाको स्वाव सङ्कलन गरीएको र सबै जनाको रिपोर्ट नेगेटिभ अएको जिल्ला स्वास्थ्य कार्यालय, डोटीका सम्पर्क व्यक्ति सुर्यबहादुर विष्टले जानकारी दिनुभयो ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** सुदूरपश्चिमका २ हजार ९ सय ४१ जनाको र्‍यापिड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । प्रदेश स्वास्थ्य आपतकालिन केन्द्रका अनुसार सबैभन्दा बढि प्रदेशको राजधानी कैलालीमा १ हजार ५ सय २१ जनाको र्‍यापिड टेस्ट गरिएको छ ।

यसैगरी कञ्चनपुरमा ४ सय १५ जना, बैतडीमा १ सय ४२ जना, दार्चुलामा ५८ जना, डडेल्धुरामा नौ जना, डोटीमा २ सय ७१ जना, बझाङमा ४ सय ६१ जना, अछाममा एक जना, बाजुरामा ६३

जनाको र्‍यापिड टेस्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य आपतकालिन केन्द्रले जनाएको छ । प्रदेशका विभिन्न अस्पतालको आईसोलेसनमा राखिएका ७४ जनाको थ्रोट स्वाब रिपोर्ट नेगेटिभ आएपछि डिस्चार्ज गरिएको छ भने प्रदेशका विभिन्न सात ओटा अस्पतालमा १८ जनालाई आइसोलेसमाराखि उपचार भइरहेको छ । जसमध्ये पाँच जना कोरोना सङ्क्रमित छन् भने बाँकी १३ जनालाई कोरोनाको आशङ्कामा अस्पतालमा राखिएको छ । उनीहरूको परीक्षण रिपोर्ट आउन बाँकी रहेको छ । प्रदेश स्वास्थ्य आपतकालिन केन्द्र, डोटीले दिएको जानकारी अनुसार वैशाख २ गते धनगढीमा स्थापना भएको प्रयोगशाला र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट २ सय २५ जनाको नमूना परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

सुदूरपश्चिम प्रदेशबाट नमूना सङ्कलनगरी कोरोना परीक्षण थालिएको झण्डै दुई महिनामा वैशाख १ गतेसम्म ७ सय ५६ जनाको रिपोर्ट आएको थियो भने वैशाख २ गते थप २ सय २५ जनाको नमूना परीक्षण भएसँगै उक्त सङ्ख्या बढेर ९ सय ८१ पुगेको छ । प्रदेश स्वास्थ्य आपतकालिन केन्द्र डोटीले दिएको जानकारी अनुसार फागुन १ गतेदेखि नमूना सङ्कलन सुरू भएकोमा वैशाख २ गतेसम्म पीसीआर प्रविधिबाट कोरोना परीक्षणका लागि २ हजार ५ सय २० जनाको नमूना सङ्कलन गरिएको छ । अझै १ हजार ५ सय ३९ जनाको रिपोर्ट भने आउन बाँकी छ ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढी**